## बैठक संख्या (१७)

आज मिति २०८१/११/०८ गतेका दिन यस शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कार्यपालिकाका अध्यक्ष श्री कर्ण सिह साउदज्यूको अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थितीः-**

(गाउँपालिका अध्यक्ष) श्री कर्ण सिह साउद

(गाउँपालिका उपाध्यक्ष) श्री सकुन्तला साउद

(का.वा.वडा अध्यक्ष) श्री देवेन्द्र सिह साउद

(वडा अध्यक्ष) श्री सुरेन्द्र सिह साउद

(वडा अध्यक्ष) श्री केशव दत्त कलौनी

(वडा अध्यक्ष) श्री धन बहादूर महता

(वडा अध्यक्ष) श्री केशव चन्द

(वडा अध्यक्ष) श्री भरत राम पार्की

(का.पा.सदस्य) श्री धनमती साउद

(का.पा.सदस्य) श्री विमला पार्की

(का.पा.सदस्य) श्री संगिता आउजी

(का.पा.सदस्य) श्री लक्षिमा कुमारी साउद

(का.पा.सदस्य) श्री राजेन्द्र राम दयाल

(का.पा.सदस्य) श्री प्रताप राम तिर्वा

(सदस्य सचिव) श्री नरेन्द्र सिह महता

**कार्यपालिका सहयोगी कर्मचारीः-**

श्री महेश सिह महता (सुचना प्रविधि अधिकृत)

CamScanner

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरुः-

१. नियमित बैठकको समिक्षा सम्बन्धमा ।
२. समपुरक तथा विशेष अनुदान सम्बन्धमा ।
३. सूचना प्रकाशन सम्बन्धमा ।
४. गा.पा. जनप्रतिनिधि तथा कर्मचारी अध्यन भ्रमण सम्बन्धमा ।
५. विज्ञापन सम्बन्धमा ।
६. आर्थिक सहयोग सम्बन्धमा ।
७. योजना सम्झौता सम्बन्धमा ।
८. क्रमागत योजना सम्बन्धमा।

निर्णय नं. (१) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको अघिल्लो कार्यपालिकाका बैठकहरुमाथि आवश्यक समिक्षा गरियो ।

निर्णय नं. (२) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको अगामी आ.व. २०८२/०८३ मा सङ्घीय सरकारको समपुरक तथा विशेष अनुदानका लागि तपसिल बमोजिमका आयोजना/कार्यक्रमहरु छनौट गरी राष्ट्रिय योजना आयोगको अनुदान व्यवस्थापन सूचना प्रणाली मार्फत पेश गर्ने र उक्त आयोजना/कार्यक्रमहरुलाई देहाय बमोजिम प्राथमिकिकरण गर्ने निर्णय सर्वसहमतिबाट पारित गरियो।

<u>तपसिलः-</u>

सङ्घीय समपुरक अनुदानको लागि छनौटगरिएका आयोजना/कार्यक्रमको विवरणः-

१. दन्नी देहिगडा सडक निर्माण योजना - शिवनाथ ५,४ र २
२. पुडिलदेखि सकरासम्म सडक निर्माण योजना — शिवनाथ ३

सङ्घीय विशेष अनुदानको लागि छनौटगरिएका आयोजना/कार्यक्रमको विवरणः-

१. आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि कार्यक्रम

निर्णय नं. (३) माथि छलफल गर्दा स्थानीय तह मार्फत लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बमोजिम लक्षित वर्ग तथा अन्य वर्ग सिप विकास तथा प्रविधि सहयोग कार्यक्रममा सङ्घीय सरकारबाट प्राप्त भएको रकमलाई उक्त कार्यविधिको दफा (११) बमोजिम व्यावसायीक मौरीपालन तालिम लिन चाहने प्रशिक्षार्थीहरुबाट आवेदन आह्वन गर्न १५ दिने सुचना प्रकाशन सहित कार्यक्रम कार्यान्वयन प्रक्रिया अगाढी बढाउने निर्णय गरियो ।

निर्णय नं. (४) माथि छलफल गर्दा शिवनाथ गाउँपलिकाको चालू आ.व. को गा.पा. जनप्रतिनिधि तथा कर्मचारी अध्यायन भ्रमण खर्च शीर्षकमा विनियोजित रकम अन्तर्गत दुई चरणमा गा.पा. जनप्रतिनिधि तथा कर्मचारी अध्यायन भ्रमण गर्ने निर्णय गरियो ।

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं. (५) माथि छलफल गर्दा शर्माली स्वास्थ्य चौकीमा रिक्त रहेको हे.अ. (१) पदमा विज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. (६) माथि छलफल गर्दा चालु आ.व.को यूवा खेलकुद शीर्षकमा विनियोजित रकम मध्येबाट तपसिल बमोजिमका संस्थालाई आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

तपसिलः-

१. ब्राईट स्टार स्पोर्ट्स शिवनाथ — २ रु ५०,०००/-

२. सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघ — धनगढी, कैलाली रु ५०,०००/-

निर्णय नं. (७) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको चालू आ.व.का सम्पूर्ण योजना/कार्यक्रमहरु २०८१ फागुन मसान्तसम्म सम्झौता गरी सक्ने निर्णय गरियो ।

निर्णय नं. (८) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको सङ्घीय समपुरक कोष अन्तर्गत चालू आर्थिक वर्ष २०८१/०८२मा कार्यान्वयनमा रहेको सुल्लेखान शर्माली नगरौंघाट सडक स्तरोउन्नती (शिवनाथ ६, ३, २ र १ ) योजनाको अवधि २ वर्ष रहेको र उक्त योजनाको कूल स्वीकृत बजेट १,१०,००,०००।- (अक्षेरुपी एक कोरोड दश लाख) रहेकोमा आगामि आर्थिक वर्ष २०८२/०८३ का लागि ५५,००,०००।- (अक्षेरुपी पचपन्न लाख) रकम माग गर्ने निर्णय गरियो।

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत